

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार १४ गते शुक्रबार ❑ 28 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## एसइईको नतिजा सार्वजनिक

### ४७.८६ प्रतिशत विद्यार्थी उत्तीर्ण, गणितमा बढी अनुत्तीर्ण

**रासस**
काठमाडौं, १३ असार

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले गत वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा बिहीबार सार्वजनिक गरेको छ । माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८० को नतिजामा ४७ दशमलव ८६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा आयोजित पत्रकार सम्मेलनमा बोर्डका अध्यक्ष प्रा डा महाश्रम शर्माले नतिजा सार्वजनिक गर्दै चार लाख ६४ हजार सात सय ८५ परीक्षार्थीले परीक्षा दिएको जानकारी दिँदै उतीर्ण भएकामध्ये एक सय ८६ जनाले ४ जीपीए ल्याएको बताउनुभयो । परीक्षामा सहभागी भएकामध्ये ५२ दशमलव १४ प्रतिशत परीक्षार्थी अनुत्तीर्ण भएका छन् । एक लाख १४ हजार ४८ छात्र र एक लाख २८ हजार दुई सय ५७ छात्रासहित कुल दुई लाख ४२ हजार तीन सय १३ परीक्षार्थीको 'एनजी' अर्थात् 'ननग्रडेड' आएको छ ।

बोर्डका अध्यक्ष प्रा डा शर्माले एउटा विषयमा एनजी आउने ६७ हजार सात सय ९३ र दुई विषयमा एनजी आउने ४८ हजार ३८ विद्यार्थी रहेका छन् । दुई सय २१ जनाको परीक्षा रद्द भएको उहाँले जानकारी दिनुभयो । यस वर्ष लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक गरिएको हो । सैद्धान्तिक ७५ पूर्णाङ्क विषयमा कम्तीमा २७ अङ्क र आन्तरिक मूल्याङ्कन २५ पूर्णाङ्कमा कम्तीमा १० अङ्क प्राप्त गर्नुपर्ने हुन्छ । एक सय पूर्णाङ्कमा कम्तीमा ३७ अङ्क ल्याउनुपर्ने अन्यथा त्योभन्दा कम अङ्क आएमा ' एनजी' ननग्रेडड आउँछ ।

यस वर्षको एसइईमा सबैभन्दा बढी विद्यार्थीको गणितमा एनजी आएको छ । गणित विषयमा एक लाख ७७ हजार नौ सय ८५ विद्यार्थीको एनजी आएको छ । यस्तै विज्ञानमा एक लाख २६ हजार नौ सय ३३ तथा अङ्ग्रेजीमा एक लाख एक हजार तीन सय ८३ विद्यार्थीको एनजी आएको बोर्डका अध्यक्ष प्रा डा शर्माले बताउनुभयो ।

सामाजिकमा ७३ हजार आठ सय ७७, नेपालीमा ६९ हजार पाँच सय ३२, अर्थशास्त्रमा ६९ हजार चार सय १६ तथा ऐच्छिक गणितमा २० हजार तीन सय ५२ विद्यार्थीको एनजी आएको छ । दुई विषयसम्म एनजी आउने विद्यार्थीको हकमा पुरक परीक्षा आगामी साउन १८ र १९ गतेलाई तोकिएको छ ।

साउनमा परीक्षा गरेर भदौमा नतिजा सार्वर्जनिक गर्ने र यसैवर्ष उनीहरूले कक्षा ११ मा भर्ना हुन पाउने गरी व्यवस्था गरिएको छ । पुरक परीक्षामा पनि उत्तीर्ण हुन नसक्ने विद्यार्थीको हकमा र दुईभन्दा बढी विषयमा एनजी आएका विद्यार्थीले आउँदो नियमित परीक्षामा एनजी आएको विषयको मात्रै परीक्षा दिन पाउने व्यवस्था गरिएको छ ।

यस वर्षको एसइई नतिजामा गत वर्षभन्दा सुधार भएको अध्यक्ष प्रा डा शर्मा बताउनुहुन्छ । उहाँका अनुसार माथिल्लो जिपिए ल्याउनेको सङ्ख्या बढेसँगै नतिजा सुधार भएको हो । बोर्डले सार्वजनिक गरेको नतिजा अनुसार यसवर्ष सबैभन्दा बढी अर्थात् ७८ हजार आठ सय ७४ विद्यार्थीले २ दशमलव ८० देखि ३ दशमलव २० जिपिए प्राप्त गरेका छन् । सबैभन्दा कम ६ विद्यार्थीले १ दशमलव ६० देखि २ दशमलव ० जिपिए ल्याएका छन् ।

त्यस्तै एक सय ८६ विद्यार्थीले ४ जिपिए, ३१ हजार २०९ जनाले ३ दशमलव ६० देखि ४ दशमलव ० जिपिए, ६८ हजार दुई सय ५६ जनाले ३ दशमलव २० देखि ३ दशमलव ६० जिपिए र ७८ हजार आठ सय ७४ जनाले २ दशमलव ८० देखि ३ दशमलव २० जिपिए, ४१ हजार एक सय ७७ जनाले २ दशमलव ४० देखि २ दशमलव ८० जिपिए र दुई हजार ९५० जनाले २ दशमलव ०० देखि २ दशमलव ४० जिपिए ल्याएका छन् ।

बिहीबार सार्वजनिक भएको नतिजा अनुसार यसवर्षको एसइई परीक्षामा सबैभन्दा बढी बागमती प्रदेशबाट ९९ हजार आठ सय ७२ विद्यार्थी सहभागी भएकामा ३३ हजार आठ सय ४३ जनाले ननग्रेड (एनजी) पाएका छन् ।

त्यस्तै, लुम्बिनी प्रदेशबाट ८० हजार तीन सय २७ विद्यार्थी सहभागी भएकामा ४९ हजार दुई सय २४ जनाको ननग्रेड (एनजी) आएको छ । मधेश प्रदेशमा ७९ हजार पाँच सय ९२ विद्यार्थी सहभागी भएकामा ४२ हजार दुई सय ८६ जनाले ननग्रेड (एनजी) तथा कोशी प्रदेशमा ७५ हजार नौ सय ८८ जना सहभागी भएकामा ३९ हजार आठ सय ९५ जनाको ननग्रेड (एनजी) आएको छ ।

गण्डकी प्रदेशमा ४० हजार पाँच सय २६ विद्यार्थी सहभागी भएकामा २० हजार दुई सय ७५ जनाको ननग्रेड (एनजी) आएको छ भने कर्णाली प्रदेशबाट परीक्षामा ३५ हजार ३४ जना सहभागी भएकामा २० हजार तीन सय ८० जनाको ननग्रेड आएको छ । सुदूरपश्चिम प्रदेशमा भने ५३ हजार चार सय ४६ विद्यार्थी सहभागी भएकामा ३६ हजार चार सय १० जनाको ननग्रेड आएको छ । उनीहरूले पुरक परीक्षामा सहभागी हुनुपर्ने छ ।

प्रकाशित नतिजामा चित्त नबुझेमा पुनर्योग गर्न र उत्तरपुस्तिका पुनः परीक्षणसमेतगराउनसक्नेव्यवस्था छ । पुनर्योगका लागि परीक्षार्थीले आफूले पुनर्योग गर्न चाहेका विषयका लागि कार्यालयको वेवसाइटमा गई पुनर्योग फाराम भरी आवेदन दिने व्यवस्था रहेको परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिनुभयो ।

## नेपाल-भारतबीचको प्रगाढ सम्बन्ध कायमै राख्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार



नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तले नेपाल-भारतबीचको प्राचीन सम्बन्धलाई कायमै राख्नुपर्नेमा जोड दिनुभएको छ ।

पोखरा-१२ रामघाटस्थित अमरसिंह माविको बिहीबार अवलोकन गर्दै राजदूत श्रीवास्तवले विद्यालय भवन निर्माणका लागि दूतावासले रु २० करोड सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भारतको रक्षाका लागि गोर्खा सैनिकहरुको योगदान रहेको स्मरण गर्दै उहाँले नेपालमा भारतीय भूपु नेपाली सेनामार्फत विभिन्न खानेपानी, शिक्षा, स्वास्थ्य र सडकलगायत क्षेत्रमा सहयोग उपलब्ध गराउँदै आएको र आगामी दिनमा पनि सहयोगलाई निरन्तरतादिनेप्रतिबद्धताजनाउनुभयो।

नेपाल र भारतबीचको मैत्री सम्बन्धलाई बलियो बनाउन आफू प्रतिबद्ध भएको बताउँदै नेपालमा प्रवेश गर्ने सडकको स्तरोन्नति गर्दै पर्यटकलाई सहजरुपमा यातायातको व्यवस्था मिलाउन आफूले भूमिका खेल्ने पनि उल्लेख गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद कोइरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यालयका प्रधानाध्यापक शेरबहादुर थापा तथा वडा नं १२ का वडाध्यक्ष सन्तोष बास्तोलाले आफ्ना भनाइ राख्नुभएको थियो ।

नेपालकै नमुना माविकारुपमा परिचित अम्मरसिंह माविमा दुई हजार नौ सय विद्यार्थी अध्ययनरत छन् भने एक सय ३७ शिक्षक कर्मचारी छन् । दुई सयभन्दा बढी रोपनीमा फैलिएको उक्त विद्यालय पोखराकै पुरानो विद्यालयकारुपमा चिनिन्छ । नेपाल-भारत मैत्री सङ्घअन्तर्गत मेजर वीरसिंह गुरुङको पहलमा दूतावासले ५५ वर्षअघि विद्यालयका भवन निर्माण गर्नुका साथै केही वर्षअघि पुस्तकालयको भवन र पुस्तक हस्तान्तरण गरेको थियो ।

## पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको अध्ययन गर्न छुट्टाछुट्टै समिति गठन

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

सङ्घीय संसद्को सार्वजनिक लेखासमितिले राष्ट्रिय गौरवको आयोजनाकारुपमा रहेका दुई अन्तर्राष्ट्रिय विमानस्थलको समग्र अध्ययन गर्न छुट्टाछुट्टै उपसमिति गठन गरेको छ ।

भैरहवास्थित गौतमबुद्ध अन्तर र्ाष्ट्रिय विमानस्थल र पोखरा अन्तर र्ाष्ट्रिय विमानस्थलको अध्ययन र छानबिन गर्न दुई छुट्टाछुट्टै संसदीय उपसमिति गठन गरिएको समितिका सभापति ऋषिकेश पोखरेलले जानकारी दिनुभयो ।

समितिको यसअघिको बैठकले उपसमिति गठन गर्ने निर्णय गरेबमोजिम उपसमिति गठन गरिएको उहाँले बताउनुभयो । "राज्यको यति ठूलो लगानी भएको गौरवका आयोजना किन अलपत्र भयो, सञ्चालनमा भएका कमजोरी पत्ता लगाउन सरकारलाई सहयोग पुगोस् भन्ने हेतुले दुई उपसमित गठन गरिएको छ", सभापति पोखरेलले भन्नुभयो ।

उहाँका अनुसार पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसम्बन्धी छानबिन गर्न राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष तथा सांसद राजेन्द्रप्रसाद लिङ्देनको संयोजकत्वमा १२ सदस्यीय र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलसम्बन्धी छानबिन गर्न नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सचिव तथा सांसद योगेश भट्टराईको संयोजकत्वमा आठ सदस्यीय उपसमिति गठन गरिएको छ ।

दुवै विमानस्थलको अध्ययनका लागि सङ्घ र प्रदेशको लेखासमितिको सक्रियतामा साझा दस्तावेज तयार गरिने र त्यो सङ्घीय लेखासमितिको नेतृत्वमा हुने जनाइएको छ । दुवै उपसमितिलाई एक महिनाको समय दिइएको छ ।

## मदरल्याण्ड माविका १० विद्यार्थी सहित कास्कीका २१ विद्यार्थीले ल्याए ४ जिपिए

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

बिहीबार सार्बजनिक भएको माध्यमिक शिक्षा परीक्षा (एसइई)-२०८० मा कास्कीबाट २१ जना विद्यार्थीले ४ जिपिए ल्याउन सफल भएका छन् ।

कास्कीका ९ वटा विद्यालयबाट २१ जना विद्यार्थीहरुले ४ जिपिए ल्याउन सफल भएका शिक्षा विकास तथा समन्वय इकाई, कास्कीका इकाई प्रमुख लोकनाथ आचार्यले बताउनुभयो । उहाँका अनुसार कास्कीका ९ वटा बिद्यालयहरु मध्य मदरल्याण्ड माविका १० जना विद्यार्थीहरुले ४ जिपिए ल्याउन सफल हुनु भएको हो भने डिज्निल्याण्ड एकेडेमीबाट ३ जनाले समेत ४ जिपिए ल्याउनु भएको छ । त्यसै गरी गण्डकी बोर्डिङबाट २, एसओएस हर्मन माइनर स्कुलबाट १, बालोदय बोर्डिङ स्कुलबाट १, न्याश्नल इन्भेन्टिभबाट १, सृजना बोर्डिङ स्कुलबाट १, शान्ति निकेतन बोर्डिङ स्कुल र सैनिक आवासिय माविबाट १ जना विद्यार्थीहरुले ४ जिपिए ल्याएको इकाई प्रमुख आचार्यले जनाउनुभयो ।

यस वर्ष सार्वजनिक भएको एसईइमा कास्कीमा ३.६ देखि ४ जिपिए भन्दा तल ल्याउने १ हजार ५ सय ७५ जना बिद्यार्थीहरु हुनुहुन्छ । त्यसै गरी कास्कीमा ३.२ देखि ३.६ जिपिएसम्म ल्याउने १ हजार ५ सय ७७ जना विद्यार्थीहरु हुनुहुन्छ । २.८ देखि ३.२ जिपिए भन्दा तल ल्याउने २ हजार २ सय २६ जना विद्यार्थीहरु रहेको इकाई प्रमुख आचार्यले उल्लेख गर्नु भयो । कास्कीबाट गत बर्ष २ सय १९ जनाले प्राविधिक धारबाट एसईईमा सहभागी मध्य ९८ जना एनजी बाँकी १ सय २१ जना बिद्यार्थीहरु उत्तीर्ण हुनु भएको उहाँले जनाउनु भयो । साधारण धार तर्फ कस्कीबाट ७०.९१ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण भएको कार्यालयले जनाएको छ । कास्कीबाट गत वर्ष एसईईमा ९ हजार ९ सय ८० जना विद्यार्थीहरु सहभागी हुनु भएको थियो ।

पोखरा मासवारमा रहेको मदरल्याण्डको उक्त नतिजा सम्भवत एकै विद्यालयबाट ४ जिपिए ल्याउने देशकै उत्कृष्ट मध्यमा पर्ने विद्यालयका प्रिन्सिपल नारायण बरालले दाबी गर्नुभयो । यस वर्ष एसईई दिएका १ सय ४६ जना विद्यार्थीहरु मध्य १० जना ४ जिपिए सहित १ सय २८ जना ३.६ देखि ४ जिपिएसम्म ल्याउनु भएको छ भने बाँकी १८ जनाले भने ३.२ देखि ३.६ जिपिएसम्म ल्याउनु भएको प्रिन्सिपल बरालले बताउनुभयो । सबै भन्दा धेरै १० जनाको यसपाली ४ जिपिए आएकोमा विद्यालय परिवार सहित कास्की क्षेत्रकै निकै राम्रो बिषय भएको उहाँले जनाउनु भयो ।


मदरल्याण्डबाट ४ जिपिए ल्याउने बिद्यार्थीहरुमा कृपा बराल, रेडियस पोखेल, कनक अधिकारी, अपेक्षा ढुंगाना, आशीष बस्ताकोटी, कृपा गुरुङ, इक्वीटी पौडेल, अभ्यास वाग्ले, युनिका ढकाल र समीक्षा पहारी रहनु भएको छ ।

पोखराको डिज्निल्याण्ड एकेडेमीकी सृष्टी भण्डारी, स्मृति लामिछाने, सृष्टीना पौडेलले ४ जिपि ल्याउनु भएको छ भने गण्डकी बोर्डिङबाट आयुष पराजुली र ओजश्वि शर्माले समेत ४ जिपिए ल्याउनु भएको हो । त्यस्तै न्यासनल इन्भेन्टिभ स्कुलका विद्यार्थी विशाल खत्री, बालोदयबाट सभ्यता लामिछाने, एसओएसका शतेस सुवेदी, सृजनाका आयुष खड्का, शान्ति निकेनतकी अदिति पराजुली र सैनिक आवासिका आयुष उपाध्यायले ४ जिपिए ल्याउनु भएको हो ।

बिहीबार प्रकाशित नतिजा अनुसार नेपालभरबाट १८६ जनाले ४ जिपिए ल्याउनु भएको थियो । गत वर्ष एसइईमा २ जना विद्यार्थी सुदेश आचार्य र जोन रानाले पनि ४ जिपिए ल्याउन सफल हुनु भएको बिद्यालयका प्लस टु इन्चार्ज नारायण आचार्यले बताउनु भयो ।

मदरल्याण्डले हरेक वर्ष जसो उत्कृष्ट नतिजा ल्याउन थालेको छ । गत वर्ष कक्षा १२ को बोर्ड परीक्षामा समेत ३ जना विद्यार्थीले नेपाल टप गर्नुभएको थियो ।

व्यवस्थापन संकायका राजेश पौडेल, विज्ञान संकायका जीवन अधिकारी र कृतिका थापा गरी ३ जनाले नेपालमै उत्कृष्ट ३.९६ जिपिए ल्याएपछि विद्यालयले उहाँहरुलाई जनही २ लाख सहित पुरस्कृत गरेको थियो ।

# 'युवालाई नेतृत्व तहमा पुऱ्याउन नमुना युवा संसद अभ्यास कार्यक्रम प्रभावकारी'

**पोखरापत्र संवाददाता**
पोखरा १३ असार



गण्डकी प्रदेश सरकारका सामाजिक तथा स्वास्थ्य मन्त्री विन्दु कुमार थापाले युवालाई नेतृत्व तहमा पुऱ्याउन नमुना युवा संसद अभ्यास कार्यक्रम प्रभावकारी भएको बताएका छन् ।

मन्त्रालयकै आयोजनामा विहीबार देखि सुरु भएको उक्त कार्यक्रमको उदघाटन गर्दै उनले यस्तो बताएका हुन् ।

मन्त्री थापाले कार्यक्रमबाट युवाको क्षमता अभिवृद्धिमा समेत टेवा पुग्ने विश्वास लिएका छन् । संसद अभ्यास सँगै नेतृत्व विकास सम्बन्धि सिकाईले सामाजिक रुपान्तरणमा युवाको भूमिकालाई मजबुत बनाउने उनले उल्लेख गरे ।

"युवा भविष्यका कर्णदार हुन् । युवा बिना देश विकास सम्भव छैन् । युवालाई नेतृत्व तहमा पुऱ्याउन र क्षमता अभिवृद्धि गर्न प्रदेश नमूना युवा संसद अभ्यास कार्यक्रम प्रभावकारी देखिन्छ ।

आशा छ, मन्त्रालयले आजबाट चार दिनसम्म आयोजना गरेको उक्त कार्यक्रमबाट सहभागी सबै भाईबहिनीहरु लाभान्वित हुनुहुनेछ । सामाजिक रुपान्तरणमा यहाँहरुको भूमिका अब्बल रहनेछ, सबैलाई शुभकामना ।", उनले भने ।

मन्त्रालयका सचिव प्रकाश पौडेलले नेतृत्वको अवसर सिर्जना गर्न, विकास गर्न र क्षमतामा अब्बल बनाउन नमुना युवा संसद अभ्यास प्रभावकारी रहेको उल्लेख गरे । उनले नमुनाका रुपमा उत्पादित जनशक्तिलाई नमुनाकै रुपमा विभिन्न तहमा ल्याउने प्रयास अन्तर्गत नै कार्यक्रमको आयोजना गरिएको बताए ।

कार्यक्रम संयोजक एवम् मन्त्रालयका युवा तथा खेलकुद महाशाखाका उपसचिव प्रकाश देवकोटाले कार्यक्रमको उद्देश्यका विषयमा प्रकाश पारेका थिए ।

चार दिनको कार्यक्रमको प्रशिक्षकका रुपमा राष्ट्रिय युवा परिषदका अभिनास कार्की, विवेक त्रिपाठी र जिल्ला युवा परिषद कास्कीका विवेक देवकोटा प्रशिक्षकका रुपमा रहनेछन् । कार्यक्रमको समापनमा प्रदेश सरकारका सभामुख, मन्त्री र सांसदको उपस्थितिमा सहभागी युवाहरुले नमुना संसदको अभ्यास गर्नेछन् । कार्यक्रममा प्रदेशका विभिन्न जिल्लाका ३० जना युवाहरुको सहभागिता छ ।

# 'पर्यटन राजधानीको दायरा फराकिलो हुनुपर्नेमा जोड'

**पोखरापत्र संवाददाता**
पोखरा, १३ असार

पर्यटन राजधानीको दायरालाईसङ्कुचनमानराखीफराकिलो बनाउनुपर्नेमा जोड दिइएको छ ।

बिहीबार पोखरामा महानगरपालिका सहरी योजना आयोगको आयोजना एवं 'युएसएआइडी टि एण्ड सी'को सहयोगमा आयोजित कार्यक्रमका सहभागीले पर्यटन राजधानीको दायरा फराकिलो बनाउनुपर्नेमा जोड दिएका छन् । पर्यटन राजधानी पोखरामा रणनीतिक कार्ययोजनाको प्रतिवेदन मस्यौदाको प्रस्तुति र सरोकार भएकाबीच छलफलका वक्ताले दायरा फराकिलो बनाउने गरी योजना तयार गर्न सुझाव दिएका हुन् ।

कार्ययोजनाको प्रतिवेदन मस्यौदा प्रस्तुत गर्दै डा प्रनिल उपाध्यायले सो सम्बन्धमा सारेकार भएकालाई सुझावका लागि आग्रह गर्नुभएको थियो । कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा प्रकृति, संस्कृति र साहसिक पर्यटनको गन्तव्य भएको बताउँदै यी सम्पदालाई जोगाएर सपनाको सहरका रुपमा विकास गर्न सकिने उल्लेख गर्नुभयो ।

पर्यटन राजधानीलाई सङ्कुचनमा नराखी ग्रेटर पोखराको अवधारणाका साथ अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । पोखराको पर्यटन प्रवर्द्धनलाई लक्षित गर्दै 'पोखरा भ्रमण वर्ष २०२५' घोषणा गरिएको प्रमुख आचार्यले बताउनुभयो ।

गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष एवं नेपाल पर्यटन यातायात व्यवसायी सङ्घ (एनटिभिए) गण्डकी प्रदेशका पूर्वअध्यक्ष बोबरजङ्ग गुरुङले पर्यटन राजधानीको रणनीतिक कार्ययोजना महानगरका ३३ वटा वडामा मात्रै सीमित हुन नहुनेमा जोड दिनुभयो । पोखरासहित समग्र प्रदेशमा धेरै पर्यटनकीय गन्तव्यको सम्भावना रहेको बताउँदै उहाँले ती सम्भावनालाई उजागर गर्न सुझाव दिनुभयो ।

गण्डकी प्रदेशमा दामोदर कुण्डजस्ता धेरै धार्मिक पर्यटनका सम्भावनायुक्त क्षेत्र रहेको उल्लेख गर्दै गुरुङले ती क्षेत्रको संरक्षण र प्रवर्द्धनसँगै त्यहाँ जानका लागि सहज वातावरण तयार हुनुपर्ने धारणा राख्नुभयो । "दामोदर कुण्ड जान १० दिनका लागि पाँच सय डलर अनिवार्य तिर्नुपर्ने व्यवस्था छ", उहाँले भन्नुभयो, "सडक सुविधा लगायतका कारण पर्यटकले उक्त अवधि छोट्याउन सक्ने भएकाले १० दिनको अनिवार्यता नगरी प्रतिदिन ५० डलर तिर्न सक्ने गरी व्यवस्था गर्नेतर्फ राज्यको ध्यान पुग्नु जरुरी छ ।"

जथाभावी बाटो खन्ने नाममा पदमार्ग मासिँदै गएको अवस्थामा सङ्घले गुरुङ जातिको उद्गमस्थल क्होलासौँथरसँगै प्राचीन बस्तीलाई समेट्दै गुरुङ सम्पदा पदमार्गको प्रवर्द्धन गरेकामा गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष गुरुङले धन्यवाद ज्ञापन गर्नुभयो ।

गुरुङहरूको प्राचीन बस्ती ताङतिङबाट करापुडाँडा-ताप्रो-क्होलासौँथर-ठूलो लेक-थुर्जु-दूध पोखरी-गुरुङ देउराली-डाँफे खर्क-तिमाङ हुँदै बैँसीसहरसम्मलाई समेटेर गुरुङ सम्पदा पदमार्गका रुपमा विकास गर्न खोजिएको बताउँदै उहाँले त्यसलाई पर्यटन राजधानीको रणनीतिक कार्ययोजनामा समेट्न आग्रह गर्नुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा भित्रने पर्यटकको यकिन तथ्याङ्क सङ्कलनका लागि नाकानाकामा सूचना केन्द्र राख्नुपर्नेमा जोड दिनुभयो । पोखरा महानगरपालिकाका होमस्टे व्यवस्थापन समितिका संयोजक उदय सुवेदीले शाहवंशीय इतिहासको उद्गमस्थल कास्कीकोटबाट कास्की जिल्लाको पनि नामाकरण भएको बताउँदै यस्ता गन्तव्यलाई समेट्नुपर्ने धारणा राख्नुभयो ।

बेगनासताल धार्मिक तथा पर्यटन विकास संस्थाका अध्यक्ष ध्रुवनाथ अधिकारीले कुनै पनि योजनाको सफलताका लागि सम्बद्ध सबैबीच सहकार्य र एकता जरुरी रहेको बताउनुभयो । टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले पदयात्रा पर्यटनको विकासका लागि पोखरा आसपासका पदमार्गलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो । पर्यटन राजधानीको प्रवर्द्धनका लागि पहिलो हिमाल आरोहण भएको दिन 'अन्नपूर्ण डे' लाई क्यालेण्डरमा समेटेर जानुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।

खास्टे न्युरेनी संरक्षण समितिका अध्यक्ष हरि अधिकारीले खास्टे तालमा रहेको ज्येष्ठी तालबाराही मन्दिर तथा त्यहाँ बनाउन लागिएको शिव पार्कलाई धार्मिक पर्यटनसँग जोड्न सकिने बताउनुभयो । कार्यक्रममा पोखरा र आसपासका फुर्से खोला, सुरौदी खोला, खुदी खोला जस्ता जलसम्पदालाई जलपर्यटनसँग जोड्न सुझाव दिइएको थियो ।

पोखरा महानगरपालिका सहरी योजना आयोगको उपाध्यक्ष प्रेमलाल लामिछानेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आयोगका सदस्य सुरेन्द्रबाबु तिवारी, युएसएआइडीका प्रतिनिधि, मैदीताल मत्स्य तथा कृषि सहकारीका अध्यक्ष भरतप्रसाद तिवारी, समाजसेवी अशोक पालिखे, वामदेव ढुङ्गानालगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# सिपलाई व्यवहारमा उतार्न अपरिहार्य-अध्यक्ष शाही

**पोखरापत्र संवाददाता**
पोखरा १३ असार



पोखरा महानगरपालिका वडा नं. १७ का वडाअध्यक्ष राधिका शाही योगीले आर्जित ज्ञान र सिपलाई व्यवहारमा उतार्नु पर्ने बताउनु भएको छ ।

शुभकामना आमा समुहको आयोजना एवम् सारथी केन्द्र पोखराको सहकार्यमा आयोजित मलमलको वुटिक जुत्ता बनाउने सिपमूलक तालिमको समापन समारोहमा बोल्दै उहाँले महिलाहरु उद्यमशिल बन्नुपर्ने बताउनुभयो ।

संवैधानिक हक अधिकारको उपयोग गर्दै थप अधिकारीका लागि निरन्तर अघि बढ्नु पर्ने बताउँदै उहाँले महिलाहरु आर्थिकसंग जोडिएर सामाजिक सेवामा लाग्नु पर्ने आवश्यकता औल्याउनुभयो ।

महिलाहरु उत्पादनसंग जोडिनु पर्ने अपरिहार्य भएको उल्लेख गर्दै उहाँले प्राप्त ज्ञानसिपलाई व्यवसायमा परिणत गर्न सके मात्र तालिमले सार्थकता पाउने विश्वास व्यक्त गर्नुभयो ।

म्यूजियममार्ग टोलसुधार समितिका अध्यक्ष एवम् सञ्चारकर्मी हरि बास्तोलाले टोल छिमेकको विकास निर्माणमा सवैको साथ र सहयोग हुनु पर्ने आवश्यकता औल्याउनुभयो ।

कंक्रिट वस्ति विकाससंगै खालि जग्गाको अभावको कारण स्थानीयस्तरमा आयमूलक तालिम सञ्चालनमा असहज बन्दै गएको उहाँको भनाई थियो । सोह्र जनाको सहभागिता रहेको तालिममा ५० जोर जुत्ता निर्माण गरिएको कोषाध्यक्ष गंगा कुँवरले तालिममा कूल ८२ हजार २६० रुपैया खर्च भएको जानकारी दिनुभयो ।

समुहका अध्यक्ष कोकिला श्रेष्ठ उदासको अध्यक्षतामा भएको कार्यक्रमा पूर्वअध्यक्ष पार्वती खड्का, नारिशक्ति जागरण आमा समुहका अध्यक्ष पियारी गुरुङ, समुहका उपाध्यक्ष अन्जु गुरुङ, प्रशिक्षकव्दय शान्ति श्रेष्ठ र शुशिला श्रेष्ठ, घारीपाटन टोल विकास संस्थाका अध्यक्ष देवेन्द्र क्षेत्री, तालिमका सहभागि निर्मला क्षेत्री, समुहका सहसचिव सिर्जना खनाल लगायतले तालिमको महत्व माथि प्रकाश पर्नुभएको थियो ।

लममा क्रममा नारिशक्ति जागरणकर्गनेमा जोड दिंदै उहाँले नारिशक्ति महिलाहरु उत्पादनसंगजोडिनपर्नेजिवनपयोगी बनाउन आग्रह गर्दै व्यवहारमा उतार्दै मा बताउँदै अध्यक्ष शाहीले भन्नुभयो, महिलाहरु संगठित भएर उत्पादनसंग जोडिनु पर्दछ ।

# हेमजा हिले महोत्सवको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा १३ असार

देवीस्थान सेवा समाज हेमजाको आयोजनामा यस वर्ष हुने चौंथो हिले महोत्सवको तयारी पुरा भएको छ ।

महोत्सव अन्तर्गत हिले फुटबल, हिले दौड, रस्साकस्सी, घैटो फुटाउने, कृषि झाँकी प्रदर्शन, विद्यालय स्तरीय धान रोपाई प्रतियोगिता, उत्कृष्ट किसान सम्मान, हलगोरु तथा जोडी दौड, आमा समूह बीच असारे भाका, म्युजिकल बेलुन, हिलोमा भाले तथा माछा समाउने लगायतका प्रतियोगिता हुँदैछन् ।

महोत्सवको तयारी स्वरुप महोत्सव स्थल वरपर सरसफाई गरिसकिएको छ भने खेत हिल्याउने कार्य समेत सुरु भएको छ । हेमजालाई कृषि पर्यटनसँग जोड्न साथै किसान हुनुमा गर्व गराउँदै कृषिमा आकर्षण बढाउने उद्देश्य साथ महोत्सव आयोजना गरिएको हो ।

महोत्सवले समग्र पोखरा साथै विष्णुपादुका माई मन्दिरमा पर्यटक आवागमन बढाउने तथा कृषि क्षेत्रका लागि महोत्सव महत्वपूर्ण हुने अपेक्षा गरिएको महोत्सव मूल आयोजक समितिका संयोजक हरीशरण पौडेलले बताए ।


'कृषिमा कृषकलाई प्रोत्साहनः विष्णुपादुका मन्दिर हेमजाको सान' नाराका साथ स्थानीय देवीस्थान टोलमा महोत्सव हुँदैछ ।जसमा विभिन्न कलाकारले प्रस्तुति समेत राख्नेछन् ।

प्रतियोगितामा प्रथम तथा द्वितीय हुने व्यक्ति वा समूहलाई नगद पुरस्कार सहित मेडल र प्रमाणपत्र पुरस्कार प्रदान गरिने छ। महोत्सव सञ्चालनका लागि करिव रु.७ लाख ३५ हजार खर्च लाग्ने अनुमान गरिएको छ ।


लिटिल स्टेप माध्यमिक विद्यालय
+2 Science, Management, Hotel Management & Computer Science
पोखरा लिङ्कन इन्टरनेशनल कलेज
MBA, BBA, BHM & BCS IT
हार्दिक बधाई
विगत ४ दशकदेखि शैक्षिक क्षेत्रमा निरन्तर उत्कृष्ट नतिजासहित आफ्नो पृथक पहिचान बनाउन सफल यस लिटिल स्टेप माध्यमिक विद्यालयबाट वि.सं. २०८० सालको SEE मा सम्मिलित हाम्रा सतप्रतिशत समुत्तीर्ण विद्यार्थीहरु एवम् अन्य समुत्तीर्ण देशभरिका विद्यार्थीहरुलाई समुज्ज्वल शैक्षिक भविष्यको मङ्गलमय शुभकामनासहित तथा अभिभावकज्यूहरुलाई समेत विद्यालय परिवार **हार्दिक बधाई** ज्ञापन गर्दछ । साथै कक्षा ११ अन्तर्गत **Science, Management, Hotel Management / Computer Science** मा भर्ना खुलेको पनि सहर्ष जानकारी गराइन्छ ।
प्राचार्य एवम् विद्यालय तथा कलेज परिवार
Simalchaur, Pokhara - 8, Kaski
Phone No. : 061-575013, 552796 & 581964



कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ
**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# सुधार आउन नसकेको एसईईको नतिजा

राष्ट्रिय परीक्षा बोर्डले गत चैतमा सञ्चालित एसईई परीक्षाको नतिजा सार्वजनिक गरेको छ। परीक्षामा सहभागीमध्ये ४७.८६ प्रतिशत मात्र उत्तिर्ण भएका छन ।९ वर्षअगाडिको अवस्थामा पुगेको छ परीक्षामा सहभागी ४ लाख ६४ हजार ७ सय ६५ विद्यार्थीमध्ये २ लाख २२ हजार ४ सय ७२ जना कक्षा ११ मा भर्ना हुन योग्य भएका छन्। बोर्डका अनुसार ननग्रेडिड(एनजी) हुने विद्यार्थीको संख्या २ लाख ४२ हजार ३ सय १३ रहेको छ। ५२ प्रतिशतभन्दा बढी अनुत्तीर्ण भएका छन्।तीमध्ये २ विषयमा एनजी हुने विद्यार्थी संख्या १ लाख १५ हजार ८ सय ३४ छ। उनीहरू यही साउन १८ र १९ गते हुने ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पाउने छन। उक्त परीक्षाको नतिजा १ महिनामा प्रकाशित हुने बोर्ड जनाएको छ। ग्रेडवृद्धि हुने विद्यार्थी भने यसै शैक्षिक सत्रमा कक्षा ११ मा पढ्न पाउनेछन्। त्यस्तै २ भन्दा बढी विषयमा ननग्रेडिडमा पर्ने १ लाख २६ हजार ४ सय ७९ विद्यार्थीले भने आउँदो वार्षिक परीक्षामा सहभागी हुनुपर्नेछ।

प्रत्येक विषयमा सैद्धान्तिक (लिखित) तर्फ न्यूनतम ३५ प्रतिशत अंक नल्याए विद्यार्थी ननग्रेडिड हुने व्यवस्थाअनुसार पहिलो पटक एसईईको नतिजा सार्वजनिक गरिएको छ। नयाँ पाठ्यक्रमअनुसार पहिलो पटक एसईई परीक्षा दिएका विद्यार्थीको लेटर ग्रेडिङ निर्देशिका-२०७८ को व्यवस्थाअनुसार नतिजा प्रकाशन भएको बोर्डले जनाएको छ। उक्त व्यवस्थाअनुसार विद्यार्थीले प्रत्येक विषयमा न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्नेछ। हरेक विषयमा ७५ पूर्णाङ्कको लिखित परीक्षा सञ्चालन भएकाले न्यूनतम २७ अंक ल्याउनै पर्छ। उक्त अंक अर्थात् १.६ जीपीएभन्दा कम अंक ल्याउने विद्यार्थी ननग्रेडिड (एनजी) मा पर्नेछन्। उनीहरूलाई बोर्डले ग्रेडसिटसमेत उपलब्ध गराउने छैन। निर्देशिकामा दुई विषयसम्म एनजी आउने विद्यार्थीले बोर्डले तत्काल मिति तोकेर लिने ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पाउनेछन्।जुन विषयमा एनजी भएको हो सोही विषयमा मात्र परीक्षा दिए हुन्छ। दुई विषयभन्दा बढीमा एनजी आए अर्को वर्ष सम्बन्धित विषयको मात्र परीक्षा दिन पाइने व्यवस्था निर्देशिकामा गरिएको छ। यस्ता विद्यार्थीले ३ वर्षसम्म वार्षिक परीक्षामा सहभागी हुन पाउनेछन्। उक्त पद्धतिअनुसार गत वर्षदेखि नै कक्षा १२ को नतिजा सार्वजनिक हुँदै आएको छ। जसअनुसार परीक्षा दिएकामध्ये करिब ५० प्रतिशत विद्यार्थी मात्रै ग्रेडिङमा पर्दै आएका छन्।

ग्रेडिङमा परेका विद्यार्थी मात्रै माथिल्लो कक्षामा भर्ना र पठनपाठन गर्न योग्य ठहरिन्छन्। यसअघि सैद्धान्तिक र प्रयोगात्मकतर्फको प्राप्तांक जोडेर ३५ अंक ल्याए पनि विद्यार्थी ग्रेडसिट प्राप्त गर्थे। अबदेखि सैद्धान्तिक र प्रयोगात्मकको छुट्टाछुट्टै ग्रेडिङ हुने व्यवस्था गरिएको छ नयाँ पाठ्यक्रमले गणितसहितका प्रत्येक विषयमा २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षा हुने र बाँकी ७५ पूर्णाङ्कको सैद्धान्तिक परीक्षा हुने व्यवस्था गरेको छ प्रयोगात्मक परीक्षा भने विद्यालयले नै सञ्चालन गरेर प्राप्तांक बोर्डमा पठाएका छन्। बोर्डले अंकलाई ग्रेडमा रूपान्तरण गरेर नतिजा सार्वजनिक गरेको छ। विद्यालय तहमा २०७२ देखि लेटर ग्रेडिङ पद्धति सुरु भएको हो। २०७८ मा पाठ्यक्रम विकास केन्द्रले निर्देशिका संशोधन गरेर ग्रेडिङ हुन न्यूनतम ३५ प्रतिशत अंक ल्याउनुपर्ने व्यवस्था गरेको थियो। एसईईमा गत वर्षसम्म पुरानो पाठ्यक्रमकै आधारमा अध्ययन गरेका विद्यार्थी सहभागी भएकाले उनीहरूको हकमा संशोधित निर्देशिका लागू भएको थिएन। गत चैत १५ देखि २७ गतेसम्म सञ्चालित परीक्षामा ४ लाख ७५ हजार परीक्षार्थी सहभागी थिए। तीमध्ये ४ लाख ४९ हजार साधारण धारतर्फका विद्यार्थी हुन्। १५ हजार प्राविधिक धारतर्फका विद्यार्थी छन्। करिब ८ हजार विद्यार्थी परीक्षामा अनुपस्थित रहेको बोर्डले जनाएको छ।

बालविकासदेखि ९ सम्म त्यही विद्यार्थी सरसर्ती पास हुने १० मा पुगेर ५२/५३ प्रतिशत फेल हुन्छ भने कक्षा ९ सम्म पनि समस्या छ भनेर बुझ्नुपर्ने हुन्छ । 'शिक्षण सिकाइ सुधारका लागि गहन गरिकाले सोच्ने बेला भयो ।' अब सिकाइ सुधार गर्नतिर ध्यान दिनुपर्ने भएको छ। हरेक वर्षको नतिजामा देखिने ठूलो अन्तर भनेको सैद्धान्तिक र प्रयोगात्मक अंकमा हो। यो वर्षको नतिजाले त्यसलाई अझ छर्लङ्ग पारेको छ। गणितमा सैद्धान्तिकतर्फ १ लाख ७७ हजार ९८५ जना विद्यार्थीले ग्रेडेड हुन चाहिने ३५ प्रतिशत अंक ल्याउन सकेनन्। तर आन्तरिक मूल्याङ्कनमा शतप्रतिशतले ग्रेडेड हुन चाहिने ४० प्रतिशत अंक पाएका छन्। अंग्रेजी विषयमा १ लाख ३ हजार विद्यार्थी सैद्धान्तिक मूल्याङ्कनमा नन ग्रेडेड हुँदा शिक्षक, विद्यालयले गर्ने आन्तरिक मूल्याङ्कनमा कोही पनि नन ग्रेडेड भएनन्। पढाउने शिक्षकले मूल्याङ्कन गर्दा सबै ग्रेडेड, अर्को शिक्षकले मूल्याङ्कन गर्दा ठूलो संख्या नन ग्रेडेड शिक्षकले गरेको मूल्याङ्कन सही भएन या परीक्षा बोर्डले लिएको परीक्षा प्रणाली सही भएन भन्ने देखिन्छ। सरकारको प्राथमिकतामा नपरेको माध्यमिक तहको पढाइमा सुधार ल्याउन परीक्षा बोर्डसँगै शिक्षक र विद्यालयलाई जिम्मेवार बनाउनुपर्छ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : मानसिक तनाव |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मुग्लिन-पोखरा सडक विस्तारः ५३ किलोमिटर कालोपत्र पूरा

पोखरापत्र संवाददाता
तनहुँ, १३ असार

मुग्लिन-पोखरा सडकअन्तर्गत ५३ किलोमिटर खण्ड कालोपत्र भएको छ। असी किलोमिटर लामो उक्त सडकको पूर्वी ३३ र पश्चिमी खण्डमा २० किलोमिटरकालोपत्रगरिएकोहो।

मुग्लिन-पोखरा सडक विस्तार आयोजना कार्यालयका अनुसार बाँकी भागमा धमाधम काम भइरहेको छ। हालसम्म पूर्वी खण्डमा ६२ र पश्चिमीमा २८ प्रतिशत भौतिक प्रगति भएको छ। असारदेखि असोजसम्म 'मनसुन' सक्रिय हुने भएकाले हाललाई कालोपत्र गर्न छाडेर पानी निकासका निम्ति नाला, 'रिटेनिङ वाल, कल्भर्ट'लगायत संरचना निर्माण द्रुत गतिमा भइरहेको आयोजना कार्यालय, पश्चिमका इन्जिनियर नारायण पौडेलले राससलाई बताउनुभयो।

पूर्वी खण्डमा निर्माणधीन ठूला तीन पुलमध्ये डुम्रे बजार नजिकको पुल बनिसकेको छ भने आँबुखैरेनी र दमौली नजिकको अन्तिम चरणमा पुगेको छ। तनहुँको मादी नदीमा 'आर्क डिजाइन'को पुल निर्माणाधीन छ। हालसम्म उक्त पुलको ३० प्रतिशत काम पूरा भएको इन्जिनियर पाण्डेले बताउनुभयो।

एसियाली विकास बैंक (एडिबी)को सहुलियतपूर्ण ऋण सहयोगमा पोखरादेखि मुग्लिनसम्मको दुई लेनको सडकलाई विस्तार गरी फराकिलो र स्तरीय बनाउन मुग्लिन-पोखरा सडक योजनामार्फत काम जारी छ। सडक विस्तारको कार्य शीघ्र सम्पन्न गर्ने उद्देश्यले दुई भागमा विभाजन गरेर काम थालिएको हो। चार लेनमा विस्तार गर्ने उक्त सडकको काम चिनियाँ कम्पनीले गरिरहेको छ।

पोखराका पृथ्वीचोकस्थित सेती पुलदेखि तनहुँको जामुनेसम्मको ३९ किलोमिटर क्षेत्र पश्चिम खण्डमा पर्छ। यसैगरी जामुनेदेखि आँबुखैरेनीसम्मको ४३ किलोमिटर सडक पूर्वी खण्डमा पर्छ। पश्चिम खण्डको निर्माणका लागि रु. सात अर्ब ४० करोड ४६ लाखमा ठेक्का सम्झौता भएको हो। पूर्वी खण्डको लागत रु छ अर्ब २१ करोड ३१ लाख १३ हजार हो। सम्झौताअनुसार आयोजनाको काम आगामी भदौभित्रमा सम्पन्न गर्नुपर्नेछ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं.१२ र १३ स्थित श्री गणेश तथा भद्रकाली मन्दिर धार्मिक क्षेत्र अर्न्तगत रहेको गुठी जग्गामा निर्माणाधिन भद्रकाली शान्तिवाटिकामा बगैंचा सहितको फुटट्र्याक र चौतारीहरु निर्माणको क्रममा निम्न अनुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि सार्वजनिक सूचना प्रकासित गरिएकोछ।

आयोजनाको नामः भद्रकाली हरित पार्क निर्माण
ठेगानाः- पोखरा १२/१३
आयोजनाको उद्देश्य हरित पार्क निर्माण तथा धार्मिक पर्यटन प्रर्वद्धन।
आयोजना सम्झौता मितिः २०८०/१०/१०
आयोजना सुरु मितिः २०८०/१०/११
आयोजना सम्पन्न हुने मितिः २०८१/०१/१०
आयोजना सम्पन्न भएको मितिः २०८१ /०२/०५
आयोजनाको कुल लागत : रु ११,३५,०८२/-
डिभिजन वन कार्यालयबाट प्राप्त हुने अनुदानः रु १०,००,०००/-
उपभोक्ता समितिको तर्फवाट व्यहोरिएको रकम : रु १,३५,०८२/-
अध्यक्षको नामः योगेन्द्रमान श्रेष्ठ ९८५६०२४३१०

**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति, कुँडहर पोखरा-१२/१३, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७ माछापुच्छ्रे गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः माछापुच्छ्रे प्रगतिटोलबाट उत्तर तर्फको बाटो निर्माण
ठेगानाः पोखरा-१७, माछापुच्छ्रेटोल
योजना सम्झौता मितिः २०८०/११/१० गते
योजना शुरु मितिः २०८०/११/११ गते
योजना सम्पन्न हुने मितिः २०८१/०३/०५ गते
योजना सम्पन्न भएको मितिः २०८१/०२/३० गते
योजनाको कुल लागतः रु. ५,५५,८४७/-
महानगरपालिकाबाटः रु. ५,००,०००/-
जनसहभागिताबाटः रु.५५,८४७/-
अध्यक्षः बुद्ध बहादुर थापा सम्पर्क नं.: ९८०४४४५३२०
निर्माण समिति सदस्य संख्याः ९
महिलाः ४, पुरुषः ५

**माछापुच्छ्रे प्रगतिटोलबाट उत्तर तर्फको बाटो निर्माण उपभोक्ता समिति पोखरा-१७**

# बालबालिकालाई सघाउन दीर्घकालीन बचतकोष

पोखरापत्र संवाददाता
दमौली, १३ असार

जिल्लाको ऋषिङ गाउँपालिकाले आफ्नो क्षेत्रका बालबालिकालाई आर्थिक अभावबाट जोगाउन हरेक नवजात शिशुलाई जनही रु पाँच हजार प्रदान गर्ने तथा सो रकम दीर्घकालीन बचतकोषमाजम्मागरिदिनेभएकोछ।

बालबालिकालाई उपचार तथा शिक्षाका निम्ति आर्थिक समस्या हुन नदिन जन्मने वित्तिकै पालिकाले बच्चाकै नाममा रु पाँच हजारको दीर्घकालिन बचतकोष खडा गर्ने निर्णय भएको गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले राससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यो रकमले त्यस्ता बालबालिकाको अध्ययन तथा अन्य कार्यका लागि सहयोग पुग्नेछ। कार्यविधि बनाएर बच्चाको नाममा खाता खोलेर रकम जम्मा गरिनेछ।" त्यसका लागि बच्चा ऋषिङ गाउँपालिकाभित्रकै स्वास्थ्यसंस्थामा जन्मिएको हुनुपर्ने प्रावधान राखिएको छ। गाउँपालिकाभित्रका स्वास्थ्य संस्थामा गर्भवतीले जाँच गराएको र प्रसूति गराएपछि जन्मिने बच्चाको हकमा यो प्रावधान लागु हुने उहाँको भनाइ छ ।

गाउँपालिकाले विपन्न समुदायलाई निःशुल्क एम्बुलेन्स सेवा, संस्थागत प्रसुतीलाई बढावा, नियमित गर्भजाँच गर्नेलाई पोषण उपलब्ध गराउने अध्यक्ष श्रेष्ठले बताउनुभयो । बालबालिकाई कुपोषणमुक्त बनाउन पोषण सेवा तथा सबै कार्यालयमा स्तनपानकक्ष स्थापना गरिने उहाँले जानकारी दिनुभयो ।

अध्यक्ष श्रेष्ठका अनुसार आगामी आर्थिक वर्षदेखि 'उज्यालो ऋषिङ अभियान, खरको छानोमुक्त ऋषिङ, ऋषिङ फर्क अभियान, एक वडा एक उत्पादन, सासुसँगै बुहारी' कार्यक्रमलाई सञ्चालन गरिने छ। साथै गाउँपालिकाका जनप्रतिनिधिको एक महिनाको तलब सामुदायिक विद्यालय सुधारमा खर्च गरिने छ। वार्षिक रुपमा एक महिनाको तलब अक्षयकोष स्थापना गरी त्यसमा दाखिला गरिने छ ।

# घरमा शून्य सुत्केरी गाउँपालिका बन्यो बरेङ

पोखरापत्र संवाददाता
बागलुङ, १३ असार

जिल्लाको बरेङ गाउँपालिका घरमा सुत्केरी शून्य गाउँपालिका घोषणा भएको छ।

बितेको एक वर्षमा कोही पनि गर्भवती घरमा सुत्केरी भएका छैनन्। घरमै सुत्केरी हुने परम्परा हटाउन पालिकाले सुरक्षित र भरपर्दो अवस्थामा सुत्केरी हुन स्वास्थ्य संस्थामै जानुपर्ने कार्यक्रम सञ्चालन गरेर घरमा सुत्केरी शून्य गाउँपालिका घोषणा गरिएको हो।

बुधबार एक कार्यक्रमबीच गाउँपालिका घरमा सुत्केरी हुने र खोप नलगाएका बालबालिका नरहेको घोषणा गरेको हो । गाउँपालिकालाई घरमा शून्य सुत्केरी र पूर्ण खोप सुनिश्चितता एकै पटक घोषणा गरिएको अध्यक्ष कृष्णप्रसाद शर्माले बताउनुभयो। परम्परागत रूपमा सुत्केरी हुँदा आमा र शिशु दुवै जोखिममा पर्ने हुँदा सुरक्षित र भरपर्दो अवस्थामा सुत्केरी हुन स्वास्थ्य संस्थामै जानुपर्ने कार्यक्रम सञ्चालन गरेपछि सुत्केरी हुनका लागि महिला 'बर्थिङ सेन्टर'मा पुग्ने गर्छन्। स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टरलाई आधारभूत स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापनमा गाउँपालिकाले लगानी गरेको थियो ।

स्वास्थ्यकर्मी, जनप्रतिनिधि र महिला स्वयंसेविकाले अथक प्रयास गरेर गाउँपालिकालाई घरमा शून्य सुत्केरी पालिका बनाइएको अध्यक्ष शर्माले बताउनुभयो। घरमै सुत्केरी हुँदा हुने जोखिम र नवजात शिशुमा पर्ने असरबारे महिला जानकार बनेपछि स्वास्थ्यचौकीमा पुग्न थालेका छन् । सो क्षेत्रमा सबै महिलाले नियमित जाँच गर्ने र स्वास्थ्य संस्थामा गएर प्रसूति सेवा लिने गरेको उहाँले बताउनुभयो। जसबाट मातृशिशु मृत्युदर शून्यमा झरेको छ ।

गाउँपालिकाका गर्भवतीलाई स्वास्थ्यकर्मीले मासिक रुपमा घरमै पुगेर परीक्षण गर्ने र आफ्नै वडाका बर्थिङ सेन्टरमा सुत्केरी गराउने गरेका थिए। स्वास्थ्यचौकीमा सुत्केरी गराउन समस्या रहेकालाई अस्पतालमा पठाउने गरिएको थियो। चालु वर्षमा पालिकाका एक सय ३२ सुत्केरी भएका छन्। जसमध्ये ६९ जना बर्थिङ सेन्टरमा र ६३ जना अन्यत्र अस्पतालमा सुत्केरी भएका पालिकाका स्वास्थ्य शाखा प्रमुख पदमबहादुर पुनले बताउनुभयो।

# निरमाया दोहोरी साँझ २० वर्षमा प्रवेश, एक साता वार्षिकोत्सव मनाउने

पोखरापत्र संवाददाता
पोखरा, १३ असार

दोहोरी साँझको क्षेत्रमा छुट्टै छवि जमाएको निरमाया दोहोरी साँझ एण्ड रेष्टुरेण्ट प्रालिले विशेष सांगीतिक कार्यक्रमको आयोजना गरी २० औं वार्षिकोत्सव मनाउने भएको छ।

पोखराको चिप्लेढुंगामा सञ्चालनमा रहेको दोहोरी साँझले यही १५ गतेदेखि २० गतेसम्म विविध सांगीतिक कार्यक्रम गरी वार्षिकोत्सव मनाउने निरमाया दोहोरी साँझ एण्ड रेष्टुरेण्ट प्रालिका सञ्चालक सुरेन्द्र गुरुङले जानकारी दिए।

उनका अनुसार ६ दिनसम्म सञ्चालन हुने कार्यक्रममा राष्ट्रिय ख्याती प्राप्त कलाकार एवं नियमित कलाकारहरुको विशेष प्रस्तुती रहनेछ ।

वार्षिकोत्सवको अवधिभर बेलुकीसाढे७बजेदेखि१०बजेसम्म दोहोरी साँझले सेवा दिनेछ ।

सञ्चालक गुरुङले ख्यातिप्राप्त लोक तथा दोहोरी कलाकार कुमार पुन, शंकर बिरही गुरुङ, श्याम रानामगर, चिज गुरुङ, निर्जला गुरुङ, चिजा तामाङ, निशा गुरुङले सांगीतिक प्रस्तुती दिनेछिन् भने मोडेल तथा डान्सर अशु गुरुङको प्रस्तुती दिनेछिन् । यस्तै दोहोरी साँझका नियमित कलाकारहरु टेक क्षेत्री, गुप्त गुरुङ, विनोद गुरुङ, किसान नेपाली, टसबहादुर गुरुङ, सञ्जय गायक, प्रशान्त तामाङ, पाण्डव गुरुङ, याम बहादुर नेपाली, मनोज नेपाली, इन्द्रा गुरुङ, कल्पना आले, बत्तिकुमारी थापा, चिना थापा, सरिता राई, ललिता पुन, पुजा तामाङ, सुनिमा गुरुङ, निरुता थापा मगर र निशा गुरुङको प्रस्तुती रहने छ।

सोही कार्यक्रमको अवसरमा पछिल्लो समय लोकप्रिय बनेको (गोर्खे खुकुरी, सोल्टी बजारमा) गीतका सर्जक तथा गायक निश्चल दवाडीलाई सम्मान गरिने दोहोरी साँझले जनाएको छ।

# कास्कीका पहिरोपीडितलाई सरकारको राहत

पोखरापत्र संवाददाता
पोखरा, १३ असार

पहिरोले घर पुरिँदा ज्यान गुमाएकी कास्कीको मादी गाउँपालिका-५ की आयुष्मा रानाभाटको परिवारलाई जिल्ला प्रशासन कार्यालय कास्कीले राहत उपलब्ध गराएको छ।

पहिरोपीडित आयुष्माको परिवारलाई आज जिल्ला विपद् व्यवस्थापन कोषबाट रु दुई लाख हस्तान्तरण गरिएको हो। प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डे नेतृत्वको टोलीले घटनास्थलमै पुगी राहत प्रदान गरेको हो ।

विपद्का घटनामा परी मृत्यु भएका व्यक्तिलाई राहत उपलब्ध गराउनेसम्बन्धी मापदण्ड, २०७७ बमोजिम रकम हस्तान्तरण गरिएको प्रजिअ पाण्डेले बताउनुभयो ।

मङ्गलबार राति पहिराले घर पुरिँदा १३ वर्षे आयुष्माको घटनास्थलमै मृत्यु भएको थियो। सँगै सुतेकी हजुरआमा ७० वर्षे लालमाया वञ्जारको भने सकुशल उद्धार गरिएको थियो।

मङ्गलबार राति नै पोखरा महानगरपालिका-२७ आरुपाटाका पहिरोमा परी ज्यान गुमाएका तीन वर्षीय अनमोल सुनारको परिवारलाइ कागजात आउने वित्तिकै राहत उपलब्ध गराउने प्रजिले पाण्डेले बताउनुभयो। प्रजिअ पाण्डेले भन्नुभयो, "सुनार परिवारबाट डकुमेन्ट आउनै बाँकी छ, आउने वित्तिकै रकम उपलब्ध गराउँछौं।"

अनमोलकी आमा रितु सुनारको गण्डकी मेडिकल कलेजको आइसियुमा उपचार भइरहेको छ ।

प्रजिअ पाण्डेसहित जिल्ला सुरक्षा समितिका पदाधिकारीको टोलीले अस्पताल पुगी उनको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिएको छ। समितिको आग्रहमा रितुको उपचार अस्पतालले निःशुल्क गरिदिने भएको प्रजिअ पाण्डेले जानकारी दिनुभयो ।

कास्कीमा बाढीपहिराको उच्च जोखिम रहेकाले सतर्क रहन प्रशासनले आग्रह गरेको छ। राहत र उद्धारका लागि टोली सतर्क अवस्थामा राखिएको प्रशासनले जनाएको छ।

# धवलागिरि आइसफल पदमार्ग निर्माणमा तीव्रता

**कमल खत्री**
म्याग्दी १३, असार/रासस

सोलुखुम्बुका खड्क बस्नेत दुई महिनादेखि धवलागिरि हिमालको फेदी नजीकको जङ्गलमा बास बस्नुहुन्छ । म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ चिमखोलाको कछुवा ओढार क्षेत्रमा पदमार्ग बनाउन बस्नेतसहित करिब ३० जनाको टोली दुई महिनादेखि जङ्गलमै बास बस्दै आएका हुन् । म्याग्दी र मुस्ताङलाई पदमार्गले जोड्ने धवलागिरि आइसफल ट्रेकमा दुई वर्षदेखि पदमार्ग निर्माण भइरहेको छ।

पर्यटन विभागसँग दुईवटा प्याकेजमा ठेक्का सम्झौता गरेको कल्पवृक्ष बिल्डर्सले आइसफल पदमार्ग बनाउन थालेको हो । गत वर्षदेखि पदमार्ग बनाउने काम गरेको कम्पनीले प्रतिकूल मौसम र बाढी, पहिरोका कारण योजनालाई सम्पन्न गर्न दुई वर्ष लागेको जनाएको छ । बस्तीदेखि टाढा र हिमालको नजिकका भूभागमा पदमार्ग बनाउन मजदुर र व्यवस्थापकहरू वनजङ्गलमै त्रिपाल टाँगेर बास बस्ने गरेका छन् । हिमालको फेदी नजिकै बाटो बनाउनुपर्ने भएकाले जङ्गलमै बसेर काम गर्नुपरेको बस्नेतले बताउनुभयो।

आर्थिक वर्ष २०७९/८० मा पर्यटन मन्त्रालयबाट विनियोजन भएको बजेटबाट सुरु भएको आइसफल पदमार्ग निर्माण योजनाअन्तर्गत अहिले सिँढी चिनेर पदमार्ग बनाउने कामले गति पाएको छ । निर्माण कम्पनीका सञ्चालक रामेश्वर पुडासैनीले दुई वटा प्याकेजमा कुल रु एक करोड ५४ लाख बजेटबाट ठेक्का सम्झौता गरेको र अहिलेसम्म आठ किलोमिटर बढी पदमार्ग निर्माण भइसकेको जानकारी दिनुभयो ।

"यो वर्षमात्रै तीन किलोमिटर बढी पदमार्ग बनाएका छौँ, असारभित्रमा योजनालाई सम्पन्न गर्ने गरी काम भैरहेको छ, अक्करे भिरबाहेक अन्य ठाउँको पदमार्ग बनाएर सक्ने हाम्रो लक्ष्य हो, विष्फोटक पदार्थको प्रयोग गर्नुपर्ने अवस्था बाहेकका अन्य सबै अप्ठेरो ठाउँमा सहज रूपमा आवतजावत गर्न सक्ने गरी काम गरिरहेका छौँ", उहाँले भन्नुभयो ।

यसवर्ष छिस, कछुवा ओढार हुँदै धवलागिरि भ्यू प्वाइन्ट हिलसम्मको नदी किनार र घना जङ्गलमा व्यवस्थित पदमार्ग बनाउने काम भैरहेको छ । पदमार्ग बनाउन सोलुखुम्बु, उदयपुर, पाल्पा, नुवाकोट, रसुवालगायतका जिल्लाबाट मजदुरहरू यहाँ आएका छन् ।

दुई समूहमा बाँडिएर झाँडी फाँडेर पदमार्ग बनाउने गरेको फुर्वा तामाङले बताउनुभयो । जङ्गल, भिर पहाड र खोला किनारमा दुई मिटर फराकिलो सिँढी चिनेको पदमार्ग निर्माण हुन थालेपछि पर्यटकहरूलाई धवलागिरि आइसफल आधार शिविर पुग्न सहज हुन थालेको छ । परम्परागत गोरेटो बाटोमा सिँढी चिनेपछि पदमार्ग चिटिक्क भएको छ।

उच्च हिमाली क्षेत्र भएकाले चिसो अत्यधिक हुने र हिमपात तथा वर्षाको प्रतिकुलताका बीच पदमार्ग बनाउने कामलाई तीब्रता दिएको कार्यक्षेत्रमा खटिएका निर्माण कम्पनीका प्रतिनिधि लाक्पा लामाले बताउनुभयो । रघुगङ्गा गाउँपालिका-७ चिमखोलाको ससलधाराक्षेत्रबाट गत बर्षदेखि पदमार्ग निर्माण थालिएको थियो ।

यस पदमार्गअन्तर्गत कोखेभिर र धवलागिरि भ्यू पोइन्ट हिलको अक्करे पहाडमा पदमार्ग छिचोल्न बाँकी छ।

यसअघि चिमखोलाका स्थानीयले कोखे भिरमा पहाड काटेर पदमार्ग बनाउने प्रयास गरे पनि कडा चट्टानको कारण उक्त भिरमा अझै ५० मिटर बढी पहाड काट्न काट्न बाँकी रहेको छ । धवलागिरि भ्यू हिलको भिर र खोँचमा पदमार्ग बनाउन कठिनाई भएपछि पर्यटन विभागले पुल बनाउने गरी अध्ययन गरिरहेको जनाएको छ । गत वर्ष ससलधारादेखि पदमार्ग बनाउन सुरु गरेकोमा यस वर्ष कालीबराह दोभान अघिदेखि काम भैरहेको छ ।

चिमखोलादेखि घ्यासीखर्क हुँदै आधार शिविर जाने बाटोमा कोखेभिर र धवलागिरि भ्यू पोइन्ट हिलको भिरबाहेक अन्य सबै ठाउँमा सुविधाजनक पदमार्ग निर्माण हुन लागेको वडा नं ७ अध्यक्ष थकप्रसाद पाइजाले जानकारी दिनुभयो । "आइसफल पदमार्ग सहज बन्दै गएको छ, हामीले पदमार्गसँगै खोलाहरू पुल र ठाउँ-ठाउँमा आश्रयस्थल पनि बनाउनपर्छ भनेर पहल गरिरहेका छौँ, दुई ठाउँको भिरमा पदमार्ग छिचोलियो भने एक दिनमै सहजै आधार शिविर पुग्ने पूर्वाधार तयार हुन्छ" वडाध्यक्ष पाइजाले भन्नुभयो । उहाँले पदमार्ग निर्माणसँगै कालीबराह खोला र रघुगङ्गा नदी समेतमा झोलुङ्गे पुलहरू बनाउन आवश्यक रहेको बताउनुभयो ।

म्याग्दी र मुस्ताङलाई बैकल्पिक पदमार्गले जोड्ने गरी २०६८ सालमा पहिलोपटक सम्भाव्यत्ता अध्ययन गरिएको धवलागिरि आइसफल पदमार्गको पूर्वाधार विकास र प्रवर्द्धनका लागि रघुगङ्गा गाउँपालिकाले विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको छ ।

धौलागिरि हिमालको आधार शिविरलाई समेटिएको एक सय ८२ किलोमिटर लामो आइसफल पदमार्ग तयार गरी सङ्घीय र प्रदेश सरकारमार्फत पूर्वाधार बनाउन पहल थालिएको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिनुभयो । अहिले चिमखोलाको ससलधारा हुँदै आधार शिविर पुग्ने पदमार्ग निर्माण सुरु गरिए पनि आधार शिविरदेखि कालीबराह हुँदै मुस्ताङको लेते निस्कने परम्परागत गोरेटोबाटो र भगवतीको रुइसेदेखि पछेत्राधुरी, सोबाङधुरी, लोसधुरी, दहबुकी, फेदी, सुगुरथला हुँदै ससलधारा क्षेत्रसम्म पहिचान गरिएको पदमार्गमा समेत सिँढी चिनेर पदमार्गलाई स्तरोन्नति गर्नुपर्ने काम बाँकी रहेको छ ।

नेपाल सरकारले धवलागिरि आइसफल पदमार्गलाई नयाँ पर्यटकीय गन्तव्यको रुपमा छनोट गरेको एक दशक पुगिसकेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नयाँ तथा विकास गर्नुपर्ने पर्यटकीय गन्तव्यको रुपमा समेत रुइसे डाँडादेखि धवलागिरि आइसफलसम्मको पदमार्गलाई छनोट गरेको थियो । तर पूर्वाधार र आवश्यक व्यवस्थापकीय अभावले यो पदमार्ग औपचारिक रुपमा अझै सञ्चालनमा आउन सकेको छैन ।

म्याग्दी सदरमुकाम बेनीदेखि मुस्ताङ जोड्ने परम्परागत पदमार्ग सडक सञ्जाल विस्तारसँगै विस्थापित भएपछि नयाँ वैकल्पिक पदमार्गको रुपमा धवलागिरि आइसफल पदमार्गको अध्ययन गरिएको थियो ।

कुमारी पदमार्गको रुपमा रहेको यस क्षेत्रमा प्रारम्भिक चरणको पदमार्ग निर्माण गर्ने काम भैरहे पनि सूचनामूलक सङ्केतबोर्ड राख्ने, खानेपानी, आश्रयस्थल र पर्यटकको सुविधाका लागि होटल तथा लजहरू निर्माण हुन सकेका छैनन् ।

धवलागिरि र अन्नपूर्ण रेञ्जका दर्जनौं हिमाललाई नजिकबाट अवलोकन गर्न सकिने यस पदमार्गमा डाँफे, मुनाल, कालिज, कस्तुरी, झारल, नाउर, घोरल, थार, रतुवा, हिमचितुवालगायतका जङ्गली पशुपक्षी र तीनको बासस्थानलाई समेत प्रत्यक्ष अवलोकन गर्न सकिन्छ।

यस पदमार्गमा हिमालको हिउँ खसेको दृष्य (आइसफल) सँगै कालिबराह, लाटीबराह, निली बराह, सेती बराह र पहेँलीबराह ताल थप आकर्षणको रुपमा रहेका छन् । पाँच दिनदेखि दुई सातासम्मको लामो र छोटो दूरीमा पदयात्रा गर्न सकिने विकल्पसहित पहिचान भएको यस पदमार्गले म्याग्दीको पिप्ले, भगवती, बेगखोला, दग्नाम, चिमखोला, कुईनेमंगले, दोबा, भुरुङ, दानालगायतको ठाउँको उच्च पहाडी डाँडाको धुरी हुँदै मुस्ताङको लेते जोडिएको छ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा न. २२ शान्ति स्तुपा देखि फेवाताल बाँधसम्म हाईकिङ रोड निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम :** हाईकिङ ट्रेल निर्माण
**उपभोक्ता समितिको नाम:** हाईकिङ रोड निर्माण समिति, पोखरा, कास्की
**पोखरा महानगर र नेपाल पर्यटन बोर्ड विच सम्झौता मिति :** २०८१/०१/०२ गते
**योजना सम्झौता मिति :** २०८१/०२/२७ गते
**योजना सुरु मिति :** २०८१/०२/२८ गते
**योजना सम्पन्न हुने मिति :** २०८१/०३/१५ गते
**योजना सम्पन्न भएको मिति :** २०८१/०३/१४ गते
**नेपाल पर्यटन बोर्डबाट प्राप्त :** रु. ५,००,०००/-
**महानगरपालिका बाट प्राप्त :** रु. १,२५,०००/-
**उपभोक्ता बाट प्राप्त :** रु. ६९,५८०/६२
**जम्मा लागत :** ६,९४,५८०/३२
**समिति सदस्य :** ७ जना
**महिला सदस्य :** ३ जना

**दिनेश बराल**
**अध्यक्ष**
**हाइकिङ रोड निर्माण समिति**
**पोखरा-२२, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ प्रगतिटोलमा सडक निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम :** प्रगतिटोल अन्जु गुरुङको घर अगाडिको सडक निर्माण
**उपभोक्ता समितिको नाम:** प्रगतिटोल अन्जु गुरुङको घर अगाडिको सडक निर्माण उपभोक्ता समिति, पोखरा-१४, कास्की
**योजना सम्झौता मिति :** २०८१/०२/०४ गते
**योजना सुरु मिति :** २०८१/०२/०५ गते
**योजना सम्पन्न मिति :** २०८१/०३/०६ गते
**महानगरपालिका बाट प्राप्त :** रु. ४,००,०००/-
**उपभोक्ता बाट प्राप्त :** रु. १,७१,४२८/-
**जम्मा लागत :** ५,७१,४२८/-

**मिन बहादुर गुरुङ**
**अध्यक्ष**
**प्रगतिटोल अन्जु गुरुङको घर अगाडिको सडक निर्माण उपभोक्ता समिति,**
**पोखरा-१४, कास्की**


# बन्दीपुरलाई संरक्षित क्षेत्र घोषणा

**पोखरापत्र संवाददाता**
दमौली, १३ असार

पौराणिक सहरकारूपमा रहेको तनहुँको बन्दीपुर गाउँपालिकालाई संरक्षित क्षेत्र घोषणा गरिएको छ । बन्दीपुरलाई थप आकर्षक बनाउन संरक्षित क्षेत्रको रुपमा विशेष पौराणिकता झल्काउन लागिएको हो ।

बन्दीपुर गाउँपालिकाको १५औं गाउँसभामा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रममा गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले सो कार्यक्रम सञ्चालन गरिने घोषणा गर्नुभएको हो ।

बन्दीपुरमा आउने पर्यटकको लगत राख्न र घरबास (होमस्टे) होटलको एकीकृत जानकारी गराउन पर्यटन सूचना केन्द्र स्थापना गरिने, घरबासको संरक्षण सम्वर्द्धन र प्रवर्द्धन गरी घरबास सर्किटको विकास गरिने, सिद्धगुफा, पातलदारी गुफा हुस्लाङकोट दरबार, मुकुन्देश्वरी पदमार्ग, चन्द्रकोटगढी, थानीमाई, भुकभुके पर्यटकीय क्षेत्रलगायत पर्यटकीयस्थलको संरक्षण, सवर्द्धन र प्रवर्द्धन गरिने अध्यक्ष थापाले बताउनुभयो । स्थानीय उत्पादनको पहिचान गर्ने र बजार सम्भाव्यता अध्ययन गरी उक्त उत्पादनको ब्रान्डिङ गरिने, पालिकाले सञ्चालन गरेका सीपमूलक तालिमबाट उत्पादन गरेका हस्तकलासम्बन्धी सामानको कोसेली घरमार्फत बिक्रीवितरण गरिने थापाले जानकारी दिनुभयो । बन्दीपुर गाउँपालिकाभित्रका पर्यटकीय गन्तव्यमा क्रमशः खुला व्यायामशाला विस्तार गर्दै लगिने, पर्यटकीय क्षेत्रमा रहेका प्राकृतिक शिलालाई थप आकर्षक बनाइने, बन्दीपुरका २५ पोखरी तालपार्कको निर्माण यसैवर्ष सुरुआत गरिने जनाइएको छ ।

साथै बृहत् झप्रीफाँट जलाशय र देवीथुम्का जलाशय निर्माणको सम्भाव्यता अध्ययन गरी अगाडि बढाइने, पर्यटन पूर्वाधार विकास गरी बन्दीपुरको हरेक गाउँ पर्यटकीय ठाउँकारुपमा प्रवर्द्धन गरिने थापाले उल्लेख गर्नुभयो । बन्दीपुरको पर्यटनलाई विस्तार गर्दै हस्तकलासम्बन्धी सामग्री, टुरिस्टगाइड हस्पिटालिटी तालिम, होमस्टे तालिम, रैथाने बाली परिकारलगायतका सीपमूलक तालिम सञ्चालन गरी कोसेली घरलाई थप प्रभावकारी बनाइने थापाले बताउनुभयो । बन्दीपुरको पर्यटनलाई थप उचाइ प्रदान गर्न देशका ठूला सहर काठमाडौँ, पोखरा, सौराहा, लुम्बिनीलगायतका स्थानमा 'घुम्न जाउँ है बन्दीपुर' अभियानलाई निरन्तरता दिइने नीति तथा कार्यक्रममा उल्लेख छ ।

# अन्नबाली छोडेर घाँसखेतीमा किसान

**पोखरापत्र संवाददाता**
बागलुङ १३, असार

जिल्लाको जैमिनी नगरपालिका-८ छिस्ती फुर्केसल्लाका ६१ वर्षका रघुनाथ पौडेलले गत वर्षमात्रै १० रोपनी खेतीयोग्य जग्गामा बहुवर्षे घाँसखेती थाल्नुभयो ।

बाँदरका कारण अन्नबाली हुन छाडेपछि यहाँ तीव्र बसाइँसराइ छ । बसाइँसराइका कारण फुर्केसल्लाका अधिकांश गाउँका खेतीयोग्य जमिन बाँझिएका छन् । ती बाँझिएका जग्गामा पौडेलले घाँसखेती गरेर पशुपालन गर्दै आउनुभएको छ । गाउँलेले छोडेको १० रोपनी जग्गामा आफूले घाँसखेती गरिरहेको उहाँको भनाइ छ।

"फुर्केसल्लाका अधिकांश घर खाली हुन थालेका छन्, बाँदरले सताएपछि अधिकांश जग्गा बाँझो छ, अन्नबाली गर्न छाडेपछि बाँझो जग्गा सदुपयोग गर्ने उत्तम विकल्प घाँसखेती रहेछ घाँसखेतीबाट पशुपालन गर्दा अन्नबालीभन्दा बढी नाफा हुने रहेछ", पौडेलले भन्नुभयो । उन्नत जातको बहुवर्षे घाँसखेतीका लागि पशु विज्ञ केन्द्रलेसमेत प्रोत्साहन गर्दै आएको छ । उहाँले यस वर्ष मात्रै रु ३० हजार अनुदान पाएको सुनाउनुभयो ।

घाँसमा आधारित पशुपालनले दूधको उत्पादन लागत घटाएको उहाँको भनाइ छ । हाल उहाँले भैँसी र गाईपालनबाट दैनिक ४० लिटर दूध बजार पठाउँदै आउनुभएको छ । गाउँमा बाँदर आतङ्क बढेपछि यहाँका किसानहरु घाँसखेतीतर्फ आकर्षित भएका हुन् । घाँसमा आधारित पशुपालनले आम्दानी बढाउने भन्दै उहाँले दूध बिक्रीबाट मात्रै मासिक रु एक लाखदेखि रु एक लाख ५० हजारसम्म आम्दानी हुने गरेको बताउनुभयो ।

जैमिनी नगरपालिका-१ टुनीबोटका रुद्रनाथ शर्माले पनि पशुपालन गर्दै आउनुभएको छ । कूल ४० घर रहेका टुनिबोटका अधिकांश स्थानीय बसाइँ सरेर चितवन र सदरमुकाम पुगेपछि उनीहरुको बाँझो जग्गामा घाँसखेती गरिरहनुभएको छ ।

टुनिबोटमा चार वर्षअघि आएको पहिरोले यहाँका छ घरमा क्षति पुगेको थियो । दुई जनाको ज्यानसमेत गयो । त्यसपछि केहीले बसाइँ सरेर चितवन झरे । बसाइँसराइ गर्ने अर्को मुख्य कारण बाँदर आतङ्क पनि हो ।

बाँदरले सताएपछि यहाँका किसानले अन्नबाली लगाउनै छोडेका छन् । बाँदरले सताउन थालेपछि धमाधम घाँसखेती गरेर पशुपालन गर्न थालिएको उहाँले बताउनुभयो ।

बसाइँ सरेर चितवन गएका स्थानीय कीर्तिनाथ पौडेलको १५ रोपनी जग्गा भाडामा लिएर शर्माले घाँसखेती र पशुपालन गर्नुभएको छ । उहाँले दैनिक ४० लिटर दूध सहकारीमार्फत बजारीकरण गर्दै आउनुभएको छ।

"अन्नबाली व्यावसायिक थिएन, बाँदरका कारण विकल्पमा घाँसखेती देखियो, घाँसमा आधारित पशुपालन व्यवसायबाट मुनाफा राम्रो आएपछि अन्नकोभन्दा फाइदा देखियो, बाँदरको समस्या टर्‍यो", शर्माले भन्नुभयो, "नेपियर र कान्लामा सिबोसिटिया र मोलाटो जातको घाँस लगाएको छु, घाँसखेती गरेपछि बाँदर के खान आउने भो र ।"

उहाँले वार्षिक रु २५ हजार भाडा तिरेर घाँसखेती गरिरहनुभएको छ । घाँसखेती र दूध बिक्रीबाट उहाँले वार्षिक रु १० लाखसम्म कमाइ गरिरहनुभएको छ ।

# कालीगण्डकी नदीमाथि मोटरेबल पुलको काम अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ असार

तनहुँको घिरिङ गाउँपालिका-१ र पाल्पाको रामपुर नगरपालिका-१ स्थित कालीगण्डकी नदीमाथि मोटरेबल पुल निर्माण अन्तिम चरणमा पुगेको छ ।

नदीसँग जोडिएका कार्य पूर्ण रूपमा सकिएको छ भने माथिल्लो भागका निर्माण भइरहेको छ । कालीगण्डकी नदी मोटरेबल पुल पुट्टारघाट (तनहुँ-पाल्पा) उपभोक्ता समिति अध्यक्ष विष्णुभक्त सिग्देलले नदीमा पानीको सतह बढेर आए पनि काम गर्न सकिने जानकारी दिनुभयो । हालसम्म ९० प्रतिशत काम सकिएको उहाँले जानकारी दिनुभयो ।

सडकसँग पुल जोड्ने, रेलिङ हाल्ने र अन्तिम चरणको काम बाँकी रहेको उहाँले बताउनुभयो । नदीसँग जोडिएको संरचनाका काम सकिएको र बाँकी भएका काम तीव्रगतिमा भइरहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "आगमी मङ्सिर, पुसमा सहज रूपमा स्थानीयलाई यात्रा गर्ने वातावरण बनाउन प्रयासरत छौँ ।"

विसं २०७३ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट बजेट प्राप्त भएपछि कालीगण्डकी नदीमाथि पुल निर्माण थालिएको हो । पुल निर्माणले अब स्याङ्जाको घुमाउरो बाटोबाट पाल्पा पुग्नुपर्ने बाध्यता हट्ने भएपछि यहाँका स्थानीय हर्षित भएका छन् ।

"देशकै नमूनाको रूपमा डबल ल्याण्डको युनिक पुल निर्माण भइरहेको छ, यहाँ पुल निर्माण हुन थालेसँगै आमनागरिकमा खुसी छाएको छ, यहाँ बनेको मोटरेबल पुलले तराई र पहाडतर्फ जान सहज हुनेछ", अध्यक्ष सिग्देलले भन्नुभयो।

पुल अभावले विगतमा भोग्दै आएको सास्तीको समाधान गर्ने र दुई प्रदेशका ग्रामीण क्षेत्रलाई जोड्ने उद्देश्यले यहाँका स्थानीयको पटक-पटकको प्रयासले मोटरेबल पुल निर्माण गरिएको छ । "नितान्त स्थानीयको प्रयासले कालीगण्डकी नदीमाथिको मोटरेबल पुल निर्माणले सफलता पाएको छ", अध्यक्ष सिग्देलले भन्नुभयो, "यहाँ बनेको पुलले तनहुँका ग्रामीण क्षेत्रमा ठूलो विपद् आइपरेमा जिल्लाको सहयोगको मात्र नभई प्रदेश राजधानी पोखराबाट पनि सहज रूपमा सहयोग लिन सकिनेछ ।"

घिरिङमा बाढी, पहिरो, आगलागीजस्ता विपद् आइपरेको खण्डमा सदरमुकामबाट सहज रूपमा सहयोग पुग्न नसकेको अवस्थामा पनि प्रदेश राजधानी पोखरा, रामपुर, तराई क्षेत्रबाट सहज रूपमा सहयोग पाउन सक्नेछ ।

वर्षायाममा खहरे खोलामा बाढी आएको अवस्थामा समेत पुलमार्फत अन्यत्र आवतजावत गर्न सकिनेमा स्थानीय विश्वस्त छन् । डबल ल्याण्डको पुल दुई सय १० मिटर लम्बाइको बन्नेछ । विसं २०७३ असार ३ मा शर्मा युनाइटेड बिल्डर्स, रमन जेभीले रु २४ करोड ७९ लाख ७९ हजार एक सय २५ मा ठेक्का सम्झौता गरेको छ ।

हालसम्म उक्त पुल निर्माणका लागि दुईपटक म्याद थप गरिएको छ । विसं २०८१ पुस मसान्तसम्ममा ठेकेदार कम्पनीले उक्त मोटरेबल पुल निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको छ । हालसम्म पुलको ढलान, जडानलगायतका कार्य भइरहेको छ ।

वर्षायामसँगै आउने बाढीपहिराले स्याङ्जा हुँदै पाल्पा पुग्नुपर्ने बाध्यता हट्ने भएपछि खुसी लागेको दानबहादुर शाहीले बताउनुभयो । उहाँले भन्नुभयो, "पुल बनेपछि सवारीबाट मात्र नभई हिँडेर भए पनि पाल्पा पुग्न र आउन भ्याइन्छ, बाटो घुमाउरो पनि पर्दैन, यो पुल बन्दै गर्दा हामीलाई खुसी दिलाएको छ ।" स्याङ्जाको बाटो भएर पाल्पा जाने क्रममा पनि खोलामा पुल नहुँदा यात्रामा समस्या आउने गरेको थियो ।

यहाँ मोटरेबल पुल निर्माणपछि भने चार जिल्लाका स्थानीय प्रत्यक्ष लाभान्वित हुनेछन् ।

गण्डकी प्रदेशको ग्रामीण क्षेत्र मानिने तनहुँको घिरिङ र लुम्बिनी प्रदेशको पाल्पाको रामपुर जोड्ने उद्देश्यले पुल निर्माण गरिएको हो ।

यो पुल कालीगण्डकी करिडोरसँग सिधा जोडिन्छ । यहाँ पुल निर्माणपछि यात्राको दूरी कम हुँदा ग्रामीण क्षेत्रका स्थानीयलाई सेवा प्रवाहमा सहज हुनेछ ।


**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८१/०३/१३

यस कार्यालयबाट मिति २०७६/०४/२१ मा कास्की जिल्ला पोखरा १३ कास्कीमा संचालन गर्ने गरि पोखरा २९ कास्की निवासी पार्वती गुरुङको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १५७६७/०७६/०७७ को पार्वती सिक्लेस खाजा घर नामक प्राईभेट फर्मको प्रोप्राईटरको मिति २०८०/११/०७ मा मृत्यु भएको हुँदा निजको श्रीमान पोखरा १३ कास्की निवासी लिल बहादुर गुरुङले मिति २०८१/०३/१३ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म लिल बहादुर गुरुङको निवेदन अनुसार बन्द भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**